बैठकसंख्या ९

आज मिति २०७४ साल भाद्र २० गते ५ शुक्रबार अर्जुनधारा नगरपालिका को नगरकार्यपालिका बैठक श्रीमान् नगरप्रमुख हरिकुमार रानाज्यूको अध्यक्षतामा बैठाय उपस्थितीमा बसी निम्नानुसार छलफल एवं निर्णय हुन गरियो।

उपस्थिती

(१) नगरप्रमुख श्री हरिकुमार राना, अध्यक्ष.
(२) नगर उपप्रमुख श्री कमला खतिवडा आचार्य, सदस्य.
(३) वडाध्यक्ष, श्री राजाधार खतिवडा, सदस्य.
(४) वडाध्यक्ष, श्री रघुनाथ खनाल, सदस्य
(५) वडाध्यक्ष, श्री जीवकुमार भण्डारी, सदस्य
(६) वडाध्यक्ष, श्री दुर्गाप्रसाद दाहाल, सदस्य
(७) वडाध्यक्ष, श्री ध्यानबहादुर भारती, सदस्य
(८) वडाध्यक्ष, श्री लोकनाथ गौतम, सदस्य.
(९) वडाध्यक्ष, श्री नवराम दुङ्गाना, सदस्य.
(१०) वडाध्यक्ष, श्री गोपीचन्द्र गौतम, सदस्य
(११) वडाध्यक्ष, श्री पुष्पकुमार प्रसाई, सदस्य
(१२) वडाध्यक्ष, श्री बलबिरसिंह गोन्देन तामाङ्ग, सदस्य
(१३) वडाध्यक्ष, श्री भैरवबहादुर खड्का, सदस्य
(१४) न.स.स, श्री शान्तिकुमारी भट्टराई, सदस्य
(१५) न.स.स. श्री लक्ष्मी तामाङ्ग, सदस्य.
(१६) न.स.स. श्री हरिमाया भण्डारी, सदस्य
(१७) न.स.स. श्री शकुन्तला बराल, सदस्य
(१८) न.स.स. श्री दिलमाया रिजाल, सदस्य
(१९) न.स.स. श्री खिनमान दर्जी, सदस्य
(२०) न.स.स. श्री रमेशकुमार दर्जी, सदस्य
(२१) न.स.स. श्री दिलिप गुरुङ्ग, सदस्य.
(२२) कार्यकारीअधिकृत, श्री राधाकृष्ण खतिवडा, सदस्य सचिव

निर्णय नं. १. निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत जिल्ला प्राविधिक कार्यालय, झापा र अर्जुनधारा नगरपालिकाको लागत साझेदारीमा अर्जुनधारा नगरपालिका क्षेत्रभित्र निर्माण गरिने पुल कल्भर्टका लागि वडा नं. ८ को नारायणचौकमा र वडा नं. ९ को रेखा खोला कल्भर्टका लागि नगरपालिकाका तर्फबाट व्यहोर्नु पर्ने २०% (पचास) साझेदारीका लागि प्रतिबद्धता व्यक्त गर्ने निर्णय गरियो। साथै, नगरपालिका बाट व्यहोर्ने साझेदारीमा ५०% जनसहभागिताबाट र ३०% नगरपालिकाबाट व्यहोर्ने गरी निर्णय गरियो।

निर्णय नं. १.

अर्जुनधारा वडा नं. १२३ मा सञ्चालन हुने चारिली युवाक्लब को आयोजनामा सञ्चालन हुने गोल्डकप फुटबलका लागि सहयोगार्थ रु. ५०,०००/- (अक्षरेपी रु. पचास हजार मात्र) दिने र कराते संघ, अर्जुनधारा लाई कराते खेल प्रतियोगिता सञ्चालनार्थ रु. ५०,०००/- (रु पचास हजार मात्र) सहयोग गर्ने निर्णय गरियो।

निर्णय नं. २

अर्जुनधारा वडा नं. १२३ मा पर्ने रघुनाथसी बजारमा प्रहरी चौकी नभएकाले शान्ती सुरक्षा कायम गर्न असहज भएको र प्रहरी बिटको अत्यन्तै आवश्यकता देखिएकाले जिल्ला सुरक्षा परिषद् मार्फत प्रहरी बिट स्थापनाका लागि पहल गर्ने निर्णय गरियो।

निर्णय नं. ४

यस नगरक्षेत्रभित्र पर्ने विभिन्न साङ्घिक नदिको विभिन्न भागमा तटबन्धनका लागि आवश्यक पर्ने लाउजाली उपलब्ध गराउन जिल्ला समन्वय समिति, धादिङमा पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं. ५.

वडा नं. १० मा पर्ने सुमन प्रसाईको भित्र उत्तर शेखर अधिकारीको घर हुँदै कुमार सुबेदीको घर भित्रिने करिब ४ कि.मी. सडक ~~कालोपत्रे~~ डिपिआर गरी कालोपत्रे गर्न जिल्ला प्राविधिक कार्यालय, धादिङ लाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ६.

यस नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुमा अतिथी सत्कारमा खर्च गर्ने गरी मासिक रु. १०,०००/- (रु. दस हजार मात्र) वडा कार्यालयहरु लाई उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ७.

वडा नं. ५ मा प्रगति चौकबाट कटरउँडा हुँदै ओम चौक फुलबारी जोड्ने सडकको ~~[illegible]~~ मा. वि. निर्माणको गत आ.व. को बाँकी भुक्तानी रकम रु. २,८०,०००/- (दुई लाख अस्सी हजार मात्र) भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ८.

वडा नं. ९ र १० मा पर्ने मिलन चौक. धाइजन सडक खण्ड कालोपत्रे (गत आ.व. को योजना) को बाँकी भुक्तानी उक्त कार्य सम्पन्न भए पश्चात फरफारक गरी भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ९.

यस नगरकार्यपालिकाको मिति २०६४ भाद्र १ गतेको निर्णयानुसार वडा नं. ८, वडा नं. ६, ९, १० लाई विपद् व्यवस्थापनका लागि हुस्याइएको रकम रु. १,५०,०००/- (दुई लाख पचास हजार मात्र) मा नपुग भएको रकम वडामा समावेश हुने योजना बाट कट्टा हुने गरी बिल भरपाई अनुसार भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. १०.

प्रहरी चौकी शनिश्चरेबाट, चौकीको भवन रङरोगन एवं मर्मत सम्भार का लागि आर्थिक सहयोग माग भई आएकामा सो चौकीलाई रु. १५,०००/- (अक्षरुपी पन्ध्र हजार मात्र) सहयोग गर्ने निर्णय गरियो। साथै, कात्यायनी पिठ, शनिश्चरेलाई रु. १०,०००/-, कालिका पीठ, कालिस्थानलाई रु. ५,०००/- र दुर्गा शक्ति समाज कुल्याठा टंडा, वडा नं. ४ लाई रु. ५,०००/- सहयोग गर्ने निर्णय गरियो। साथै, प्रहरी चौकी (अस्थायी प्रहरी चौकी, न्यौंकपाई) बाट यस कार्यालयमा, सो चौकीमा सञ्चार सेवा नभएकाले दैनिक कामकाज गर्न असहज भएकाले थान एक मोबाइल सेट र थान एक सिम काई उपलब्ध गराइएमा सहयोग माग्नेकाले सोका लागि आवश्यक व्यवस्था मिलाइदिने निर्णय गरियो। वडा नं. १० मा रहेको श्री जलकन्या शक्तिपिठका लागि रु. १०,००० (दस हजार मात्र) सहयोग गर्ने निर्णय गरियो।

निर्णय नं. ११.

वडा नं. ८ मा रहेको शनिश्चरे बजार अव्यवस्थित बन्दै गएकाले उक्त बजारलाई व्यवस्थित गर्न बजारमा रहेका सडक, ढल लगायत शनिश्चरे बजारलाई केन्द्रमा राखी १ कि.मी. आसपास रिङरोड निर्माण गर्न नगरपालिकाको प्रोतले मात्र नभ्याउने हुँदा उक्त कार्यका लागि शहरी विकास तथा भवन निर्माण मन्त्रालय, डिभिजन कार्यालय, ईलाम लाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. १२.

जिल्ला समन्वय समिति, झापाबाट ठेक्का लागेको विरिङ, टनकी नदिबाट प्राप्त हुने राजस्व मध्ये राजस्व बाँडफाँड बाट यस नगरपालिका लाई प्राप्त हुने राजस्व जिल्ला समन्वय समितिसँग माग गर्ने निर्णय गरियो।

निर्णय नं. १३

बिरिज नदिबाट अर्घरे उत्खनन गरिएको नदिजन्य सामाग्री बाट जिल्ला समन्वय समितिमा प्राप्त राजस्व मध्ये रु.५,००,०००/- (पाँच लाख मात्र) यस नगरपालिकामा माग गर्ने निर्णय गरियो।

निर्णय नं. १४:

यस नगरपालिका अन्तर्गत निम्न पुल तथा कल्भर्टहरु निर्माणका लागि जिल्ला प्राविधिक कार्यालयसँगको ६०% र २०% को लागत साझेदारी मा निर्माण गर्ने यस नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने ३०% लागत साझेदारीका लागि प्रतिबद्धता जनाउने निर्णय गरियो।

निम्न

१) वडा नं. ४, खुदुनाबारी शिविर जाने बाटोको कालिखोला
२) वडा नं १, बाँगे खोल्सीमा पुल कल्भर्ट,
३) वडा नं. २, बाबियो खोल्सीमा पुल कल्भर्ट
४) वडा नं. ३, पगला खोलामा पुल कल्भर्ट

उपरोक्त योजनामा नगरपालिकाबाट व्यहोर्ने ३०% लागत साझेदारी अन्तर्गत २०% जनसहभागिता बाट र १०% नगरपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो।

०५/१२०